2020.9 ネパール語

# नागोया अन्तरराष्ट्रीय केन्द्र बालबालिका जापानी भाषाको कक्षाहरू बिद्ध्यार्थी भर्ना



✐ नागोया अन्तरराष्ट्रीय केन्द्रमा जापानी भाषा मातृभाषाको रुपमा प्रयोग नगर्ने बालबालिकाहरुको लागि जापानी भाषा कक्षाहरूमा भर्ना खुल्दैछ। अन्तरराष्ट्रीय केन्द्रका स्वयंसेवकहरु मार्फत बिद्यालय अथवा दैनिक जिवानयापनको लागि आवस्यक पर्ने जापानी भाषा सिकाइन्छ। ✐

**लक्षित समूह:** निम्न मध्य कुनै एक वर्गमा पर्ने बालबालिकाहरु

①मातृभाषाको रूपमा जापानी भाषा नबोल्ने 6 वर्ष बाट 15 वर्ष सम्मको बालबालिका (2005 साल 4 महिना 2 गते बाट 2014 साल 4 महिना 1 गते सम्म जन्मिएका बालबालिकाहरु)

②अप्रिल 2, 2005 अघि जन्म, जन्मिएका र हाल निम्न माध्यमिक विध्यालयमा भर्ना भएका बच्चाहरु

※ तथापी, नम्बर ② को सम्बन्धमा, यदि तपाईं निम्न माध्यमिक विध्यालय सन्ध्याकालीन कक्षामा भर्ना हुनुभएको छ भने कृपया NIC उच्चमाध्यामिक तहका बिद्ध्यार्थीहरुको लागि जापानी भाषाको कक्षाहरूमा सहभागी हुनुहोस्।

※ नागोया शहरमा बस्नुहुने व्यक्तिलाइ प्राथमिकता दिइनेछ।

**मिति र समय:** 2020 साल 9 महिना 20 गते (आइतबार) बाट 11 महिना 29 गते (आइतबार) हरेक आइतबार 10:00 बजेबाट 11:30 बजे सम्म

**स्थान :** नागोया अन्तरराष्ट्रीय केन्द्र, तेस्रो तला, पहिलो 1, 2 प्रशिक्षण कोठा, पाचौं तला जापानीको शैली कोठा

**प्रवेश शुल्क :** 1000 येन (जम्मा 11 पटकको शुल्क) **क्षमता :** 40 जना

**निबेदन दिने तरिका :**

①9 महिना 6 तरीक (आइतबार) 10:00 बजे बाट 12:00 बजे सम्म नागोया अन्तरास्ट्रिय केन्द्रको वेब साइट मार्फत आबेदन दिनुहोस्।

URL : https://www.nic-nagoya.or.jp/nepali/news-events/event/2020/08181610.html

※ आबेदन, अबिभाबक संगै मिलेर भर्नु होला।

②आबेदन पछि वेब बाट जापानी भाषा परीक्षा दिनुहोला।

परीक्षाको परिणामको आधारमा सहभागी हुन सक्ने व्यक्ति बारे निर्णय गरीने छ।

※ कक्षामा भाग लिने सक्ने व्यक्तिहरूको लागी, 9 महिना 13 तारीक (आइतबार)10:00 बजे बाट 11:30 बजे सम्म नागोया अन्तर्राष्ट्रिय केन्द्रको चौथो तल्लाको तेस्रो नम्बर प्रशिक्षण कोठामा अन्तर्वार्ता र भुक्तानी कार्यक्रम संचालन गरिनेछ।

**नयाँ प्रकारको कोरोना भाइरस फैलनबाट रोक्नको लागी, संचालन गर्ने बिधि परीवर्तन हुन सक्नेछ। अवश्य नागोया अन्तरास्ट्रिय केन्द्रको वेब साईट जाँच गर्नुहोस्।**

**प्रायोजन:** नागोया सिटि बोर्ड अफ एजुकेसन

क्रमश...

नयाँ प्रकारको कोरोनाभाइरस संक्रमण काउन्टरमेजरको लागी कृपया निम्न लिखित बुंदाहरु पालना गर्नुहोस्।

1) हात धुने・कुल्ला गर्ने गर्नुहोस्। कक्षा कोठा भित्र मस्क लगाउनुहोस्।

2)पछिल्ला दुई हप्तामा ज्वरो वा रुघाको लक्षणको कारण अस्पताल गएका, औषधी खादै गरेका व्यक्तिले भाग नलिनुहोला। मानिसहरू जो विगत दुई हप्तामा विदेश गएर आएका वा त्यस्ता व्यक्ति संग भेटेकाहरुले पनि भाग नलिनुहोला।

3) भ्रमण गर्नु अघि घरमा ज्वरो नाप्ने, ज्वरो (37.5डिग्री भन्दा धेरै भएमा वा सामान्य तापक्रम भन्दा 1 डिग्री पनि माथि भएमा), स्वास फेर्न गार्हो, घाँटी दुखेको, खोकी, शरीर गलेको आदि खालको लक्षण देखिएमा भाग नलिनुहोला।

4) ठुलो स्वरमा कुरा गर्ने, कक्षा कोठा या भवन भित्र सबैले प्रयोग गर्ने कोठामा खाने प्युने आदि, संक्रमण फैलने हुने सम्भावना अधिक हुने हुनाले त्यस्ता खालका कार्यहरु नगर्नुहोला। (शारीरिक अवस्था कायम राख्नको लागि पानी पिउन सकिन्छ)

5) संक्रमित व्यक्ति फेला परेमा संक्रमण ट्र्याक गर्नको लागि, कोठामा छिर्दाको तापक्रम र सम्पर्क बारे जानकारीका लागी कृपया सहयोग गर्नु होस्।

6) संक्रमीत फेला परेमा होक्केन सेन्टर (स्वास्थ्य केन्द्र)ले संचालन गरीरहेको संक्रमण ट्र्याकिङ्गको लागी सहयोग गर्नुहोला। र संक्रमित व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिले होक्केन सेन्टर (स्वास्थ्य केन्द्र)को निर्देशनहरू पालना गर्नु होला।

✂-------------------------------------------------------------

कृपया अन्तर्वार्ता・भुक्तानीको समयमा यो अंश ल्याउनु होला।

यहाँ लेखिएको सर्तहरुमा सहमत भै,निवेदकलाई नागोया अन्तरराष्ट्रीय केन्द्रको बालबालिका जापानी भाषा कक्षाकोठामा पठाउन सहमत हुनुहुन्छ भने अभिभावकको हस्ताक्षर गर्नुहोला।

बच्चाको नाम ______________________________

अभिभावकको हस्ताक्षर

# अभिभावकहरुको लागि

**निबेदन दिनु अगाडी पढ्नुहोला**

1 जापानी भाषा कक्षाकोठाको उद्देश्य बिद्यालय अथवा दैनिक जिवानयापनको लागि आवस्यक पर्ने जापानी भाषा र स्कुलको रेकर्ड बढाउने भने होइन।

2 कक्षा कोठामा सिट सिमित भएकोले निवेदन दिनेको संख्या तोकिएको क्षमता भन्दा बढी भएको खण्डमा उपस्थित हुन सक्ने बालबालिकाबाट छनौट गरिनेछ।

**नागोया अन्तरराष्ट्रीय केन्द्र बालबालिका जापानी भाषाको कक्षाकोठाबारे ध्यान दिनुपर्ने कुराहरु**

☆ अन्तर्वार्ता・भूक्तानीको दिनमा बच्चा संगै आउनुहोला। यद्यपि, धैरै व्यक्तिको उपस्थिति रोक्नको लागि परीवारबाट एक जाना मात्र आउनुहोला।

☆ पानीको बोतलमा चिया लिएर पठाउनुहोला।

☆ बालबालिका ल्याउने लैजाने अभिभावकको जिम्मा हुनेछ र कुनै घटना भएको खण्डमा केन्द्रले कुनै पनि जिम्मा लिदैन।

☆ ताइफु या प्राकृतिक प्रकोपको स्थितिमा कक्षा कोठा बिदा हुनेछ। त्यस समयमा नागोया अन्तरास्ट्रिय केन्द्रबाट मेल पठाउने छौ।

**सम्पर्क:**

नागोया अन्तरराष्ट्रीय केन्द्र, अन्तरक्रिया बिभाग

**फोन:** 052-581-5689 (सोमबार भवन बन्द)

**फ्याक्स:** 052－581－5629

**ई मेल:** vol@nic-nagoya.or.jp




पछाडी

**बिद्धालयका शिक्षकहरूलाई (अनुरोध)**

यो कक्षाकोठा नागोया अन्तरास्ट्रिय केन्द्रले नागोया शहरको लागि प्रबर्द्धनात्मक परियोजनाको रूपमा सञ्चालन गर्दछ जसमा जापानी भाषालाइ आफ्नो मातृभाषाको रुपमा रुपमा प्रयोग नगर्ने बालबालिकाहरुको बिद्धालय-जीवनप्रतिको चिन्ता हटाई जापानी भाषा सिकाईलाइ सहयोग गर्दछ।

बिद्धार्थीहरुको सिकाई ग्रहण क्षमतामा, प्रत्येक सहभागीको जापानी भाषा क्षमता र कक्षाकार्य बुझ्नको लागी,शिक्षकहरूको राय-सल्लाह दिनुहुनको लागि अनुरोध गर्दछौं।

बिद्धार्थीहरुले गर्न सक्ने कुरा र उनीहरुको कक्षाकार्यको बारेमा शिक्षकहरुको निष्कर्षलाइ अबिभाबकहरुको स्वीकृति लियर गरिएको मुल्यांकन यहाँ लेखिदिनु भयमा आभारी हुनेछौ।

☆ तपाईले लेखि भरिदिएका सन्दर्भ सामग्रीहरू पेशागत प्रयोजन भन्दा अन्य उद्देश्यका लागि प्रयोग गरिने छैन।

**学校の先生方へ（お願い）**

この教室は、名古屋国際センターが名古屋市の指定管理事業として実施する事業で、日本語を母語としない子どもたちが学校での生活を心配なく送ることができるよう<u>日本語の学習を支援</u>しています。学習者を受け入れるにあたり、一人ひとりの日本語力や課題を知るために、先生方のご意見・ご助言をお願いします。

学習者のできること、課題について、先生のご所見を保護者の承諾を得たうえでご記入頂ければ幸いです。※ご記入頂いた内容は事業以外の目的には使用しません。

| |
|---|
| 学校名　　　　　　　　　　　　先生のお名前 |